मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप, प्रदेश नं.३

# सिलबन्दी बोलकबोल सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७५।४।३०**

मन्थली नगरपालिकाको निर्णय अनुसार यस कार्यालयबाट आ.व. २०७५/०७६ का लागि आन्तरिक श्रोत अन्तर्गत देहाय बमोजिमको फोहर मैला व्यवस्थापन तथा सार्वजनिक शौचालय सञ्चालन कार्य ठेक्का बन्दोवस्तद्वारा गराउनु पर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीहरुबाट यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही सिलबन्दी बोलकबोल आवेदन फाराम पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम अंक रु (कर बाहेक) | बोलकबोल फारम मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | ३/राजश्व/२०७५-७६ | मन्थली नगरक्षेत्रभित्र उत्सर्जित फोहरमैला व्यवस्थापन गर्ने दायित्व सहित फोहर व्यवस्थापन शुल्क संकलन तथा मन्थली नगरपालिकाको १ नं. वडामा रहेका सार्वजनिक शौचालय सञ्चालन कार्य | ३,००,१००।- | ३००।- | |

**नोट :** बोलकबोल सम्बन्धी अन्य शर्तहरुको लागि मन्थली नगरपालिकाको आधिकारिक वेव साइट www.manthalimun.gov.np, म.न.पा.को कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय, म.न.पा. १ नं. वडा कार्यालयको सूचना पाटीमा हेर्नुहुन अनुरोध गरिन्छ । सिलबन्दि वोलकवोल आवेदन फाराम मन्थली नगरपालिकाको कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

## मन्थली नगरपालिका

**शर्तहरु :**

१. फोहर मैला संकलन र सार्वजनिक शौचालय सञ्चालनको दररेट सम्बन्धी विवरण बोलकबोल आवेदन फाराम साथ प्राप्त हुनेछ ।

२. सिलवन्दी बोलकबोल आवेदन फाराम खरिद गर्ने अन्तिम दिनको भोलीपल्ट दिनको १२:०० बजेभित्र नगर कार्यपालिकाको कार्यालय, मन्थलीमा दर्ता गराई सक्नु पर्नेछ । साथै सो भन्दा अगावै समेत कार्यालय समयभित्र सिलवन्दी बोलकबोल आवेदन फाराम दर्ता गराउन सकिनेछ ।

३. ठेक्का अवधि २०७५ भद्र १५ देखि २०७६ आषाढ मसान्त सम्म हुनेछ ।

४. बोलकबोल दाताले खामको वाहिरपट्टी ठेक्काको विवरण, नगर कार्यपालिकाको कार्यालय, मन्थली, रामेछाप भनी प्रष्ट वुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

५.	सिलवन्दी बोलकबोल आवेदन फाराम साथ फर्म ईजाजत पत्रको प्रतिलिपी, आन्तरिक राजस्व कार्यालयबाट प्राप्त मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व २०७३/०७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी समेत संलग्न हुनु पर्नेछ । धरौटी वापत कवोल अंकको ५% रकम यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, मन्थलीमा रहेको धरौटी हि.नं.१६८०३०३००७१०२ मा नगदै धरौटी जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त (क) श्रेणीको बैंकबाट नगर कार्यपालिकाको कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिनको म्याद भएको विडवन्ड पेश गर्नु पर्नेछ ।

६.	ठेक्का रकम तिर्न बाँकी वक्यौता रहेको फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाइने छैन ।

७.	एक फर्म वा कम्पनीको नाममा खरिद भएको बोलकबोल आवेदन फाराम अर्को फर्म वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

८.	कवोल रकम अकं र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्ने छ । अकं र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९.	अकं र अक्षरलाई काटी पुनः लेखन गर्नुपर्ने भएमा काटेको स्थानमा बोलकबोलदाताको अनिवार्य हस्ताक्षर हुनुपर्ने छ ।

१०.	सिलवन्दी बोलकबोल पेश गर्ने अन्तिम दिन दिनको २:०० बजेपछि आवेदन पत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा नियमानुसार खोलिने छ । सो समयमा आवेदन पत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि आवेदनपत्र खोल्न वाधा पर्ने छैन । बोलकबोल आवेदन फाराम खरिद र दाखिला गर्ने अन्तिम दिन वा बोलकबोल खोलिने दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्य गरिनेछ ।

११.	कुनै शर्त सहित राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएको बोलकबोल आवेदन माथि कुनै कारवाही हुँने छैन ।

१२.	यो सुचना बमोजिम पेश भएको कुनै वा सवै बोलकबोल आवेदन नगरपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

१३.	आवेदन पत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासिव कारण बाहेक सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको ऋमानुसार रीतपूर्वकको आवेदन पत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

१४.	ठेक्का रकमलाई किस्तामा वुझाउनको लागि पहिलो किस्ता ५० प्रतिशत दोस्रो किस्ता ३० प्रतिशत तेस्रो तथा अन्तिम किस्ता २० प्रतिशत गरी विभाजन गरिनेछ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दाकै वखतमा, दोस्रो किस्ता २०७५ पौष मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता वरावरको रकम २०७५ चैत्र मसान्त भित्रमा वुझाउनु पर्नेछ । दोश्रो र तेश्रो किस्ता वरावरको रकमको हकमा २०७६ आषाढ मसान्त सम्म अवधि रहेको वैक ग्यारेण्टी पेश गर्न वा नगदै पेश गर्न सकिनेछ । एकमुष्ट रकम वुझाउन चाहनेले मुल्य अभिवृद्धि करको रकम सहित वुझाउँदा कवोल अकंको मु.अ.करको रकम कटाई बाँकी रकममा १० प्रतिशतले हुन आउने रकम छुट दिईनेछ ।

१५.	ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

१६. ठेक्का कवोल गर्ने ठेकेदारले नगर कार्यपालिकाले तोकिदिएको शुल्क उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार स्वयंले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित वाहेकका रसिदबाट शुल्क उठाइएको उजुरी वा जानकारी कार्यालयमा प्राप्त भएमा नियमानुसार कारवाही चलाईने छ ।

१७. बोलकबोल आवेदन फाराममा तोकिदिएको स्थानमा मात्र तोकिएका शुल्कहरु उठाउन पाइनेछ ।

१८. सार्वजनिक शौचालय प्रयोग शुल्क विवरण सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य राख्नु पर्नेछ ।

१९. तोकिएको स्थानमा निर्धारित शुल्क संकलन गर्दा आवश्यक जनशक्ति व्यवस्था लगायतका अन्य व्यवस्थापकीय खर्च बोलकबोलदाता स्वयमले गर्नुपर्ने छ ।

२०. आवश्यकता र समयसापेक्ष रुपमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बनाएको नीति, नियम तथा आदेशहरुका आधारमा नगरपालिकाले समय समयमा दिएको निर्देशन तथा बनाएका निर्देशिका पूर्ण रुपमा पालना गर्नू पर्नेछ ।

२१. ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा माग्न पाइने छैन । वन्द, हडताल जस्ता मानव सृजित कारणबाट असामान्य परिस्थिति सृजना भए परेमा नेपाल सरकारको नीतिगत निर्णयको आधारमा मात्र नगरपालिकाबाट निर्णय गर्न सकिनेछ ।

२२. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२३. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बीचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत ब्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२४. बोलकबोल दाताले राखेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयमा कर तिरेको प्रमाण र नगर कार्यपालिकाको कार्यालयबाट कर असुलीमा प्रयोग भएको रसिद जाँचवुझ भएपछि मात्र फिर्ता दिईने छ । यसरी रसिद चेक गर्दा तोकिएको दररेट र वस्तु वा सेवा वाहेक गैर वस्तु वा सेवा र फरक दर रेटमा कर दस्तुर असुल गरेक ो पाईएमा यो वरावरको रकम धरौटी रकमवाट कट्टा गरी वाँकी रकम मात्र फिर्ता दिईनेछ ।

२५. गैरकानूनी रुपले सम्झौता विपरित कार्य गरेमा ठेक्का तोडी सम्पूर्ण हर्जना तिराई कालो सूचीमा राख्ने तर्फ कारवाही चलाइने छ ।

२६. फोहर संकलन, ढुवानी एवं व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी एवं दायित्व ठेकेदारको हुनेछ ।

२७. सार्वजनिक शौचालयको नियमित सरसफाइ, पानी व्यवस्था लगायत सम्पूर्ण जिम्मेवारी एवं दायित्व ठेकेदारको हुनेछ ।

२८. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ र ठेक्काका अन्य शर्तहरु प्रचलित कानून तथा नगरपालिकाको निर्णयानुसार निर्धारित हुनेछन् ।

२९. यस सम्वन्धमा अन्य जानकारी आवश्यक परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।